**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम २ सँग सम्वन्धित आ.व. २०७३/७४ को चौथो त्रैमासिक बिवरण**

**१. वित्तीय बिववरण**

त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :

यसै साथ संलग्न गरिएको छ ।

- सम्बन्धित पक्ष (Related Party) बीच कुनै पनि कारोबार नभएको ।

२. व्यवस्थापकिय विश्लेषण :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण:

संस्थाको मजबूत जोखिम न्यूनिकरणका उपायहरुका कारण बैंकको मौज्दात, आम्दानी र तरलतामा सकारात्मक प्रभाव कायम रहेको छ ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको बिश्लेषणात्मक विवरण :

बैंकको संचालन खर्चमा हुदै गएको बृद्धिलाई नियन्त्रण गर्दै बैंकले दीर्घकालिन व्यावसायिक योजना अनुरुप आगामी अवधिमा पनि गुणस्तरिय कर्जा प्रवाह, खुद व्याज आम्दानीमा वृद्धि गरी बैंकका सेवाग्राही ग्राहकवर्ग तथा बैंकका शेयरधनीहरु लगायत सम्वद्ध सम्पूर्ण पक्षको हितमा कार्य गर्दै जाने योजना रहेको छ ।

(ग) विगतको अनुभववाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भए सो सम्बन्धी बिश्लेषणात्मक विवरण :

हाल सम्मको अनुभवमा बैंकको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना नगरिएको छ ।

३. कानूनी कार्यवाही सम्वन्धि विवरण :

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको भए :

बैंकिङ्ग व्यवसाय गर्ने संस्था भएकोले कर्जा कारोवारको सिलसिलामा दायर भएको मुद्दा वाहेक अन्य कुनै उल्लेखनिय मुद्दा नरहेको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :

छैन ।

(ग) कुनै संचालक वा संस्थापक बिरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको भए :

छैन ।

४. बैंकको शेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्वन्धमा व्यवस्थापनको धारणा :

दोश्रो बजारमा हुने शेयर कारोवारको मुल्य माग र आपुर्तिको सिद्धान्त तथा देशको समग्र आर्थिक स्थितिमा आधारित हुने भएकोले बैंकको यस सम्वन्धमा कुनै विशेष धारणा रहेको छैन ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य | : रू. ५३६ | शेयरको न्युनतम मुल्य | : रू. ३३७ |
| शेयरको अन्तिम मूल्य | : रू. ३६० | शेयर कारोवार भएको कुल दिन | : ५६ |
| कारोवार संख्या | : ३८२३ | कुल करोबार शेयर संख्या | : ११,३७,६०६ |

५. समस्या तथा चुनौती :

संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित सस्थाको आन्तरिक र बाह्य भनी बर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्वन गरेको रणनीति सम्वन्धी विवरण :

**(क) आन्तरिक समस्या तथा चुनौती :**

- मुद्रास्फितिको कारणले संचालन लागतमा हुने वृद्धि को असर ।
- बैंकबाट प्रदान गरिने दीर्घकालिन, मध्यकालिन, चालु पूँजी जस्ता कोषमा आधारित कर्जा तथा प्रतितपत्र, जमानत पत्र जारी गर्ने जस्ता गैह्रकोषीय सेवाहरु उपलव्ध गराउँदा हुन सक्ने सम्भावित जोखिमहरु ।
- निक्षेप तथा कर्जा लगानी व्याज दरमा हुने परिवर्तन बाट असर पर्ने जोखिमहरु ।
- समयमा कर्जा असुली नभै उत्पन्न हुने आर्थिक जोखिमहरु ।
- बैंकले प्रयोगमा ल्याएको Globus Banking Software मा तकनिकी गडबडीले हुन सक्ने जोखिम ।
- मुख्य कर्मचारीहरुले छोड्दा हुन सक्ने जोखिम ।

**(ख) बाह्य समस्या तथा चुनौती :**

- नेपाल राष्ट्र बैंकको नीति निर्देशनमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकारले बैंक तथा वित्तीय संस्था सम्बन्धी नीति निर्देशन तथा मौद्रिक नीतिमा परिवर्तन गर्दा सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।
- विदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने परिवर्तन बाट हुन सक्ने जोखिमहरु ।
- देशको अस्थीर राजनैतिक स्थितिका कारण हुन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढाव बाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

**(ग) रणनीति :**

- लागत कटौती तथा लागत नियन्त्रणका उपायहरु अवलम्बन गरिएको ।
- कर्जा लगानी प्रदान गर्दा आवश्यक अध्ययन गर्ने गरिएको ।
- बैंकको नीति नियम तथा आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त राखिएको ।
- भविष्यमा हुन सक्ने जोखिम बाट बच्न कर्मचारहिरुलाई आवश्यक तालिम दिने गरिएको ।
- बैंकको Banking Software मा हुन सक्ने तकनिकी गडबडीबाट बच्न आवश्यक Back-up राख्ने गरिएको ।
- कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमवाट बच्नका लागि आवश्यक जोखिम कोषको व्यवस्था गरिएको ।
- बिनिमय दरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमबाट बच्नका लागि आवश्यक सटही घटबढ कोषको व्यवस्था गरिएको ।
- बैंकको संगठनात्मक संरचनामा परिवर्तन गरी बढी प्रभावकारी बनाइएको तथा केही मुख्य कर्मचारीले छोड्दा पनि बैंक नियमित रुपमा सेवा प्रदान गर्न सक्षम रहने ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :

- नेपाल राष्ट्र बैंकवाट जारी गरिएको संस्थागत सुशासन सम्वन्धी निर्देशिकाको पालना गर्नुका साथै बैंकका शेयरधनीहरु प्रति बैंक संचालक समिति पूर्ण रुपमा जवाफदेही र उत्तरदायी रहेको छ ।
- बैंकको लेखापरीक्षण समितिले संस्थागत सुशासन सम्वन्धमा अनुगमन गरी प्रचलित नियम कानूनहरुको अनुपालना आदि वारे निरिक्षण गरी आवश्यक सुझाव समेत संचालक समितिलाई दिने गरेको छ ।
- बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकवाट समय समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरुको आधारमा संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालक समिति कटिबद्ध रहेको छ ।

७. सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।